# नेपाल राजपत्र

**नेपाल सरकारद्वारा प्रकाशित**

खण्ड ६६) काठमाण्डौ, माघ १२ गते, २०७३ साल ( संख्या ५०


## भाग ३

### व्यवस्थापिका-संसद सचिवालयको सूचना

### व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन (दोस्रो संशोधन) नियमावली, २०७३

व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १०८ ले दिएको अधिकार प्रयोग गरी समितिले देहायका नियमहरु बनाएको छ।

867

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन (दोस्रो संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली २०७४ साल साउन १५ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम १० मा संशोधन** : व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १० पछि देहायको नियम १०क. थपिएको छ :-

"१०क. **सेवा करार सम्बन्धी व्यवस्था** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम ८० बमोजिम वा अन्य कुनै कारणबाट कम्प्युटर अपरेटर पद रिक्त भएमा त्यसरी रिक्त हुन आएको पदमा सचिवालयले आवश्यक ठानेमा सेवा करारमा लिन सक्नेछ ।"

३. **मूल नियमावलीको नियम ६१ मा संशोधन** : मूल नियमावलीको नियम ६१ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर ऐनको दफा २८ बमोजिमको सेवा अवधि पुगेका यो प्रतिबन्धात्मक वाक्यांश प्रारम्भ हुँदाको अवस्थामा कायम रहेका कम्प्यूटर अधिकृत वा कम्प्यूटर अपरेटर पदमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यरत कर्मचारी व्यवस्थापिका-संसद सेवाको सामान्य प्रशासन समूहको पदमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।"

४. <u>मूल नियमावलीको नियम ८० मा संशोधन</u> : मूल नियमावलीको नियम ८० को सट्टा देहायको नियम ८० राखिएको छ :-

"८०. <u>टाइपिष्ट र कम्प्युटर अपरेटर पदका कर्मचारीको बढुवा सम्बन्धी विशेष व्यवस्था</u> : (१) व्यवस्थापिका-संसद सेवाका टाइपिष्ट पदमा कार्यरत कर्मचारीहरु व्यवस्थापिका-संसद सेवाको सामान्य प्रशासन समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छन् ।

(२) उपनियम (१) बमोजिम सम्भाव्य उम्मेदवार हुन सम्बन्धित कर्मचारीले सेवासँग सम्बन्धित कम्तीमा एक महिनाको तालीम लिएको र बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ ।

(३) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापिका-संसद सेवाका टाइपिष्ट पदमा कार्यरत कर्मचारीहरू देहायको योग्यता पुगेको भए व्यवस्थापिका-संसद सेवाको सामान्य प्रशासन समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवामा सम्भाव्य उम्मेदवार हुन सक्नेछन् :-



८६९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको टाइपिष्ट पदमा ऐनको दफा २८ बमोजिमको सेवा अवधि पुगेको,

(ख) बढुवा हुने पदभन्दा एक श्रेणी मुनीको पदको लागि तोकिएको शैक्षिक योग्यता हासिल गरेको,

(ग) सेवासँग सम्बन्धित कम्तीमा एक महिनाको तालीम प्राप्त गरेको ।

(४) उपनियम (१) र (२) मा रहेको बढुवा सम्बन्धी व्यवस्था व्यवस्थापिका -संसद सेवाको कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको हकमा समेत लागू हुनेछ ।"

**आज्ञाले,**

**मनोहरप्रसाद भट्टराई**

व्यवस्थापिका-संसदको महासचिव

---

मुद्रण विभाग सिंहदरवार काठमाण्डौमा मुद्रित । मूल्य रु ५।-

गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, माघ १७ गते, २०७३ साल (संख्या ५१

## भाग ३

नेपाल सरकार

### अर्थ मन्त्रालयको सूचना

### सुरक्षित कारोबार नियमावली, २०७३

सुरक्षित कारोबार ऐन, २०६३ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सुरक्षित कारोबार नियमावली, २०७३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सुरक्षित करोबार ऐन, २०६३ सम्झनु पर्छ।

(ख) "पूर्व कारोबार" भन्नाले ऐनको दफा ५७ बमोजिम सम्पन्न भएका कारोबार सम्झनु पर्छ।

 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।